# गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको
# सूचना

## आचार संहिता (अञ्चल समितिले उजूरी हेर्ने) कार्यविधि, २०३३

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२ को नियम १४ को उप-नियम (२) दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले ... यको आचार संहिता (अञ्चल समितिले उजूरी हेर्ने) कार्यविधि बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस कार्यविधिको नाम "आचार संहिता (अञ्चल समितिले उजूरी हेर्ने) कार्यविधि, २०३३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– यस कार्यविधिमा–

(क) "अञ्चल समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति नियमावली, २०३२ सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान नगर समिति, गाउँ समिति तथा नगर पञ्चायत, गाउँ पञ्चायत वा वर्गीय संगठनका प्रारम्भिक वा जिल्ला कार्य समितिका सदस्य सम्झनुपर्छ ।

(घ) "उप-समिति" भन्नाले नियमावलीको नियम १८ मा भएको व्यवस्था बमोजिम गठन हुने आचार संहिता उल्लङ्घन गरे बापत कारवाही गर्ने उप-समिति सम्झनुपर्छ ।

३. आचार संहितासम्बन्धी उजूरीः– (१) कुनै सदस्यले सम्बन्धित आचार संहिता उल्लङ्घन गऱ्यो भनी कुनै व्यक्तिले अञ्चल समितिमा उजूर गर्न सक्नेछ र त्यसरी उजूरी गर्दा आफूलाई थाहा भएसम्मको सबै व्यहोरा खुलाउनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम कुनै व्यक्तिको उजूरी नपरे पनि अञ्चल समितिलाई त्यस्तो कुरा कुनै स्रोतबाट थाहा हुन आएमा अञ्चल समिति आफैले यस कार्यविधि बमोजिम कारवाही चलाउन सक्नेछ ।

(३) उप-दफा (१) बमोजिम उजूरी गर्ने व्यक्तिको नाम गोप्य राखिनेछ र उजूरी गर्नु पर्ने मुनासिव माफिकको कारण नदेखिएमा त्यस्तो व्यक्तिको गोप्य रेकर्ड राखिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. उजूरीसम्बन्धी कार्यविधिः– दफा ३ को उप-दफा (१) बमोजिम उजूरी परेपछि वा सोही दफाको उप-दफा (२) बमोजिम अञ्चल समितिले कारवाही चलाउन निर्णय गरेपछि तत्सम्बन्धी सबै कागजात उप-समितिमा पेश गरिनेछ र उप-समितिले दफा ५ बमोजिम कारवाही गरी आफ्नो ठहर प्रतिवेदन अञ्चल समितिमा पेश गर्नेछ ।

५. उजूरीको किनाराः– उप-समितिले उजूरीमा कारवाही गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउनेछ–

(क) कुनै उजूरीको सम्बन्धमा छानबीन गरी आवश्यक भए सम्बन्धित सदस्यलाई समेत बुझी उजूरी तथ्यहीन देखिन आएमा तामेलीमा राख्न अञ्चल समितिमा प्रतिवेदन गर्नेछ ।

(ख) खण्ड (क) अनुसार छानबीन गर्दा उप-समितिले जुनसुकै कार्यालय, अदालत, पञ्चायत, कुनै सरकारी कर्मचारी वा अन्य कुनै व्यक्तिलाई बुझ्न सक्नेछ र आवश्यक परेमा उजूरीसंग सम्बन्धित जुनसुकै कागजपत्र वा लिखत हेर्न वा मगाउन सक्नेछ र उजूरी तथ्ययुक्त देखिन आएमा सम्बन्धित सदस्यलाई लगाइएका आरोपहरू स्पष्ट खोली मुनासिब माफिकको म्याद दिई आफ्नो सफाइ प्रस्तुत गर्न सूचना दिनेछ र मुनासिब देखेमा थप म्याद समेत दिन सक्नेछ ।

(ग) आरोप लागेको सदस्यलाई उप-समिति समक्ष उपस्थित गराउने, बयान गराउने, साक्षी प्रमाण बुझ्ने र लिखत दाखिल गराउने सम्बन्धमा उप-समिति–लाई अदालतलाई भए सरहको सबै अधिकार प्राप्त हुनेछ ।

(घ) खण्ड (ख) अनुसार दिइएको म्यादभित्र सम्बन्धित सदस्यबाट आफ्नो सफाइको निमित्त प्रस्तुत हुन आएको र छानबीनबाट संकलन हुन आएका सबूद प्रमाण समेतबाट उजूरी प्रमाणित हुन आएमा उप-समितिले आफ्नो ठहर प्रतिवेदन अञ्चल समितिमा पेश गर्नुपर्छ ।

६. कार्यवाहीः– उप-समितिबाट पेश हुन आएको प्रतिवेदन उपर विचार गरी अञ्चल समितिले नियमावलीको नियम १२ को उप-नियम (३) मा उल्लेख भए बमोजिम कुनै कारवाही गर्न सक्नेछ वा तामेलीमा राख्न सक्नेछ ।

७. अवहेलनाः– उप-समितिले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र अवहेलना गरेको ठहराएमा बढीमा रू. २५०।– सम्म जरीवाना गर्न सक्नेछ । जरीवानाको त्यस्तो आदेश उपर कुनै अदालतमा उजूरी वा पुनरावेदन लाग्न सक्ने छैन ।

आज्ञाले–
डा. मोहम्मद मोहसिन
सदस्य-सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

८८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको

## सूचना

### आचार संहिता (जिल्ला समितिले उजूरी हेर्ने) कार्यविधि, २०३३

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२को नियम १४ को उप–नियम (२) ले दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले विषयको आचार संहिता (जिल्ला समितिले उजूरी हेर्ने) कार्यविधि बनाएको छ –

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस कार्यविधिको नाम "आचार संहिता (जिल्ला समितिले उजूरी हेर्ने) कार्यविधि, २०३३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– यस कार्यविधिमा–

(क) "जिल्ला समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति नियमावली, २०३३ सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले नगर–सभा, गाउँ–सभा वा वर्गीय संगठनको प्रारम्भिक परिषद्का सदस्य सम्झनुपर्छ ।

(घ) "उप-समिति" भन्नाले नियमावलीको नियम १८ मा भएको व्यवस्था बमोजिम गठन हुने आचार संहिता उल्लङ्घन गरे बापत कारवाही गर्ने उप-समिति सम्झनुपर्छ ।

३. आचारसंहिता सम्बन्धी उजूरीः– (१) कुनै सदस्यले सम्बन्धित आचार संहिता उल्लङ्घन गऱ्यो भनी कुनै व्यक्तिले जिल्ला समितिमा उजूर गर्न सक्नेछ र त्यसरी उजूरी गर्दा आफूलाई थाहा भएसम्मको सबै व्यहोरा खुलाउनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम कुनै व्यक्तिको उजूरी नपरे पनि जिल्ला समितिलाई त्यस्तो कुरा कुनै स्रोतबाट थाहा हुन आएमा जिल्ला समिति आफैले यस कार्यविधि बमोजिम कारवाही चलाउन सक्नेछ ।

(३) उप-दफा (१) बमोजिम उजूरी गर्ने व्यक्तिको नाम गोप्य राखिनेछ र उजूरी गर्नु पर्ने मुनासिब माफिकको कारण नदेखिएमा त्यस्तो व्यक्तिको गोप्य रेकर्ड राखिनेछ ।

४. उजूरीसम्बन्धी कार्यविधिः– दफा ३ को उप-दफा (१) बमोजिम उजूरी परेपछि वा सोही दफाको उप-दफा (२) बमोजिम जिल्ला समितिले कारवाही चलाउन निर्णय गरेपछि तत्सम्बन्धी सबै कागजात उप-समितिमा पेश गरिनेछ र उप-समितिले दफा ५ बमोजिम कारवाही गरी आफ्नो ठहर प्रतिवेदन जिल्ला समितिमा पेश गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उजूरीको किनाराः– उप-समितिले उजूरीमा कारवाही गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउनेछ–

(क) कुनै उजूरीको सम्बन्धमा छानवीन गरी आवश्यक भए सम्बन्धित सदस्यलाई समेत बुझी उजूरी तथ्यहीन देखिन आएमा तामेलीमा राख्न जिल्ला समितिमा प्रतिवेदन गर्नेछ ।

(ख) खण्ड (क) अनुसार छानबीन गर्दा उप-समितिले जुनसुकै कार्यालय, अदालत, पञ्चायत, कुनै सरकारी कर्मचारी वा अन्य कुनै व्यक्तिलाई बुझ्न सक्नेछ र आवश्यक परेमा उजूरीसंग सम्बन्धित जुनसुकै कागजपत्र वा लिखत हेर्न वा मगाउन सक्नेछ र उजूरी तथ्ययुक्त देखिन आएमा सम्बन्धित सदस्यलाई लगाइएका आरोपहरू स्पष्ट खोली मुनासिव माफिकको म्याद दिई आफ्नो सफाइ प्रस्तुत गर्न सूचना दिनेछ र मुनासिव देखेमा थप म्याद समेत दिन सक्नेछ ।

(ग) आरोप लागेको सदस्यलाई उप-समिति समक्ष उपस्थित गराउने, बयान गराउने, साक्षी प्रमाण बुझ्ने र लिखत दाखिल गराउने सम्बन्धमा उप-समितिलाई अदालतलाई भए सरहको सबै अधिकार प्राप्त हुनेछ ।

(घ) खण्ड (ख) अनुसार दिइएको म्यादभित्र सम्बन्धित सदस्यबाट आफ्नो सफाइको निमित्त प्रस्तुत हुन आएको र छानबीनबाट संकलन हुन आएका सबूद प्रमाण समेतबाट उजूरी प्रमाणित हुन आएमा उप-समितिले आफ्नो ठहर प्रतिवेदन जिल्ला समितिमा पेश गर्नुपर्छ ।

६. कार्यवाहीः– उप-समितिबाट पेश हुन आएको प्रतिवेदन उपर विचार गरी जिल्ला समितिले नियमावलीको नियम १३ को उप-नियम (३) मा उल्लेख भए बमोजिम कुनै कारवाही गर्न सक्नेछ वा तामेलीमा राख्न सक्नेछ ।

७. अवहेलनाः– उप-समितिले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र अवहेलना गरेको ठहराएमा बढीमा रू. १५०।– सम्म जरीवाना गर्न सक्नेछ । जरीवानाको त्यस्तो आदेश उपर कुनै अदालतमा उजूरी वा पुनरावेदन लाग्न सक्ने छैन ।

आज्ञाले–
डा. मोहम्मद मोहसिन
सदस्य-सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

८८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।